# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, फागुन २७ गते २०३६ साल**

### लोक सेवा आयोगको

### सूचना

निजामती सेवा नियमावली, २०२१ को नियम ३ को उप-नियम ४.(१) बमोजिम राजपत्र अनङ्कित पदहरूको बढुवा समितिको अध्यक्षता गर्ने र सोही नियमावलीको नियम ३ को उप-नियम ५.(८) बमोजिम बढुवा समितिको सिफारिशउपर उजूरी सुन्ने कार्यालय अर्को व्यवस्था नभएसम्मका लागि देहायबमोजिम तोकिएको छ :–

| सि.नं. | नि.से.नि. ३.४ को उप-नियम (१)को | कार्यालय | बढुवा समितिको अध्यक्ष | उजूरी सुन्ने कार्यालय |
|---|---|---|---|---|
| १. | खण्ड (क) | (१) कानून तथा न्याय मन्त्रालय र वाग्मती विशेष अदालतको लागि | सचिव, कानून तथा न्याय मन्त्रालय। | मन्त्रिपरिषद् सचिवालय। |



२२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

| | | | | |
|---|---|---|---|---|
| | | (२) सर्वोच्च अदालतको लागि | रजिष्ट्रार, सर्वोच्च अदालत । | लोक सेवा आयोग । |
| | | (३) महान्यायाधिवक्ताको कार्यालयको लागि | महान्यायाधिवक्ता । | " " |
| | | (४) निर्वाचन आयोग र लोक सेवा आयोगको लागि | सम्बन्धित आयोगका सचिव । | " " |
| २. | खण्ड (ख) | राष्ट्रिय पञ्चायत सचिवालय, मन्त्रिपरिषद् सचिवालय, प्रशासन व्यवस्था विभाग र (कानून तथा न्याय मन्त्रालयबाहेक) अरू मन्त्रालयको लागि | सम्बन्धित सचिवालय, विभाग र मन्त्रालयको सचिव । | मन्त्रिपरिषद् सचिवालय । |
| ३. | खण्ड (ख१) | क्षेत्रीय अदालतको लागि | सम्बन्धित क्षेत्रीय अदालतका मुख्य न्यायाधीश । | महान्यायाधिवक्ताको कार्यालय । |
| ४. | खण्ड (ख२) | क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालयको लागि | सम्बन्धित क्षेत्रीय अदालतका मुख्य न्यायाधीश । | महान्यायाधिवक्ताको कार्यालय । |
| ५. | खण्ड (ख३) | राजस्व न्यायाधीकरणको लागि | अध्यक्ष, राजस्व न्यायाधीकरण । | अर्थ मन्त्रालय । |
| ६. | खण्ड (ग) | अञ्चल अदालतको लागि | सम्बन्धित अञ्चल न्यायाधीश । | सम्बन्धित अञ्चलाधीशको कार्यालय । |
| ७. | खण्ड (घ) | जिल्ला अदालतको लागि | | |
| | | (१) रा. प. अ. तृ. श्रेणीको पदको लागि | सम्बन्धित जिल्ला न्यायाधीश । | सम्बन्धित जिल्ला कार्यालय । |
| | | (२) रा. प. अ. द्वि. र प्रथम श्रेणीको पदको लागि | सम्बन्धित अञ्चल न्यायाधीश । | सम्बन्धित अञ्चलाधीशको कार्यालय । |
| ८. | खण्ड (ङ) | सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता कार्यालयको लागि | सम्बन्धित अञ्चलको सह-अञ्चलाधीश, सो नभएमा सम्बन्धित सहायक अञ्चलाधीश । | सम्बन्धित अञ्चल अदालत । |
| ९. | खण्ड (च) | सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता कार्यालयको– | | |

मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (१) रा.प.अ. तृतीय श्रेणीको लागि | सम्बन्धित जिल्ला न्यायाधीश। | सम्बन्धित जिल्ला कार्यालय। |
| (२) रा.प.अ. द्वितीय र प्रथम श्रेणीको लागि | सम्बन्धित सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता। | सम्बन्धित अञ्चल अदालत। |
| १०. खण्ड (छ) वाग्मती अञ्चलभित्रका खण्ड (ग), (घ), (ङ) र (च) मा परेको अदालत र कार्यालयहरूबाहेक अन्य अञ्चलस्तरीय र जिल्लास्तरीय कार्यालयको लागि | | |
| (१) अञ्चल र जिल्लास्तरीय कार्यालयको रा.प.अ. प्रथम श्रेणीको पदको लागि | सम्बन्धित अञ्चल न्यायाधीश। | सम्बन्धित अञ्चलाधीशको कार्यालय। |
| (२) अञ्चल र जिल्लास्तरीय कार्यालयको रा.प.अ. द्वितीय र तृतीय श्रेणीको पदको लागि | सम्बन्धित प्रमुख जिल्ला अधिकारी। | सम्बन्धित अञ्चलाधीशको कार्यालय। |
| ११. खण्ड (ज) वाग्मती अञ्चलबाहेक अन्य अञ्चलभित्रका खण्ड (ग), (घ), (ङ), (च) र (छ) मा परेका अदालत र कार्यालयहरूबाहेक अन्य अञ्चलस्तरीय र जिल्लास्तरीय कार्यालयको लागि | | |
| (१) अञ्चल र जिल्लास्तरीय कार्यालयको रा.प. प्रथम श्रेणीको पदको लागि | सम्बन्धित अञ्चल न्यायाधीश। | सम्बन्धित अञ्चलाधीशको कार्यालय। |
| (२) अञ्चल र जिल्लास्तरीय कार्यालयको रा.प.अ. द्वितीय र तृतीय श्रेणीको पदको लागि | सम्बन्धित प्रमुख जिल्ला अधिकारी। | सम्बन्धित अञ्चलाधीशको कार्यालय। |
| १. खण्ड (झ) खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ) र (ज) मा नपरेका मन्त्रालय, विभाग, वा कार्यालयका लागि | | |
| (१) मन्त्रालय, मन्त्रालयस्तरको विभाग, मन्त्रालयस्तरको सचिवालयको लागि | सम्बन्धित मन्त्रालय, विभाग र सचिवालयको सचिव। | मन्त्रिपरिषद् सचिवालय। |

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (२) कार्यालयको लागि | सम्बन्धित कार्यालयको प्रमुख । | मन्त्रिपरिषद् सचिवालय । |
| (३) विभागको लागि | | |
| (१) रा. प. अ. प्रथम श्रेणीको लागि | सम्बन्धित मन्त्रालयको सचिव । | ,, ,, |
| (२) रा.प.अ. द्वितीय र तृतीय श्रेणीको लागि | सम्बन्धित विभागीय प्रमुख । | सम्बन्धित मन्त्रालय । |

द्रष्टव्यः– (१) उजूरी सुन्ने अञ्चलाधीशको कार्यालय, अञ्चल अदालतले उजूरीउपर छानबीन गरी कारवाही किनारा गर्दा सम्बन्धित जिल्लामा रहेको लोक सेवा आयोगको प्रादेशिक कार्यालयको र सो नभए अञ्चल कार्यालयको राय लिनु पर्नेछ। त्यस्तै जुन जुन जिल्लामा लोक सेवा आयोगको प्रादेशिक वा अञ्चल कार्यालय रहेको हुन्छ त्यस्तो जिल्लामा रहेको जिल्ला कार्यालयले पनि उजूरीउपर कारवाही किनारा गर्दा राय लिनु पर्नेछ ।

(२) अञ्चल अदालतको एकै अञ्चलभित्र २ बेञ्च भएकोमा त्यस्ता बेञ्चको कार्यक्षेत्रभित्र पर्ने जिल्लाको बढुवा समितिको अध्यक्षता र उजूरी सुन्ने काम सम्बन्धित बेञ्चका अञ्चल न्यायाधीशले गर्नु पर्नेछ ।

(३) बढुवा समितिले बढुवाको सिफारिश गर्ने बित्तिकै सबै सम्भाव्य उम्मेदवारहरूको बढुवा समितिमा पेश हुन आएका कागजपत्र सम्बन्धित उजूरी सुन्ने कार्यालयमा पठाउनु पर्नेछ ।

(४) नि. से. नि. को नियम ३.४(४) बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने पदमा प्रतिशत निर्धारण गर्दा ५० प्रतिशत खुल्ला प्रतियोगिताको लागि छुटचाई बाँकी ५० प्रतिशत बढुवाको लागि छुट्याउनु पर्नेछ ।

मिति २०३४।११।३०, मिति २०३५।५।५ र मिति २०३५।१०।२९ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस आयोगको सूचनाहरू खारेज गरिएका छन् ।

आज्ञाले–
भुवनमान सिंह प्रधान
का. मु. सचिव
लोक सेवा आयोग

५५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं फागुन २७ गते २०३६ साल

श्री ५ को सरकार

**अर्थ मन्त्रालयको**

**सूचना**

खण्ड २७ मिति २०३४।३।२० संख्या १२ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित स्थानीय भत्तासम्बन्धी यस मन्त्रालयको सूचनामा रहेको कर्णाली अञ्चलको डोलपा जिल्लाको बाँकी भागलाई "ख" वर्गबाट "क" वर्गमा समावेश गरी मिति २०३६।११।१३ देखि लागू ... श्री ५ को सरकारले निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले–
गोरक्षबहादुर न्हुच्छे प्रधान
श्री ५ को सरकारको सचिव

५२९



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

८६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।